# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ४भक्तपुर, श्रावण१गते, २०७७ साल संख्या२


**भाग१**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको सातौंनगर सभा २०७७ बाट पारित भएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागिप्रकाशनगरिएको छ ।**

**सम्वत् २०७७ सालको ऐन**

## भक्तपुर नगरपालिकाको विनियोजन ऐन २०७७

**भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्थागर्न बनेको ऐन**

**प्रस्तावना**:भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिमभक्तपुर नगरपालिकाको सातौं नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनाम र प्रारम्भः** (१) यस ऐनको नाम“भक्तपुर नगरपालिकाको विनियोजन ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७७।७८ को निम्ति सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**: (१) आर्थिक वर्ष २०७७।७८ को निम्तिनगरकार्यपालिका, वडा समिति, विषयगतशाखाले गर्ने सेवा र कार्यहरुकानिम्ति अनुसूची १ माउल्लिखितचालू खर्च, पूँजीगतखर्च र वित्तीयव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.

१,८२,४०,००,०००।- (अक्षेरुपी एक अर्ब बयासी करोड चालिस लाखरुपैयां मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७७।७८ को निम्तिभक्तपुर नगरपालिको नगर कार्यपालिका, वडा कार्यालय र विषयगत समिति/शाखाले गर्ने सेवा र कार्यहरुको निम्तिविनियोजन गरिनेछ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनिकार्यपालिका, वडा समिति र विषयगत समिति/शाखाले गर्ने सेवा र कार्यहरुको निम्तिविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिनआएमानगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वाएकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वाएकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ। पूँजीगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानीखर्च र ब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यचालु खर्च शीर्षकतर्फ सार्न र वित्तीयव्यवस्थाअन्तर्गत् साँवाभुक्तानीखर्च तर्फ विनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमानगर सभाबाट अनुमोदन गराउनु पर्नेछ।

अनुसूची-१

(दफा२ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिमभक्तपुर नगरपालिकाको संञ्चितकोषबाट विनियोजन हुने रकम

| क. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगतखर्च | वित्तीयव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | १ | नगरकार्यपालिका | ४४७३७६००० | ७०३३११००० | ० | ११५०६८७००० |
| २ | २ | वडा कार्यालय | १०००००००० | ५०००००००० | ० | ६०००००००० |
| ३ | ३ | बिषयगतशाखा | ३३९३१३००० | ० | | ३३९३१३००० |
| ४ | ४ | ऋण लगानीब्याज भुक्तानी | ० | ० | १४००००००० | १४००००००० |
| ५ | ५ | सामाजिक सुरक्षाभत्ता | २३००००००० | ० | | २३००००००० |
| ६ | ६ | शैक्षिक ऋण | ० | ० | ३०००००००० | ३०००००००० |
| | | जम्मा | १०२६६८९००० | ७५३३११००० | ४४००००००० | १८२४०००००० |

**आज्ञाले**

**(इन्द्रप्रसाद बस्याल)**

**प्रमुखप्रशासकीयअधिकृत**

**प्रमाणिकरण मिति : २०७७।३।१९गते**

**मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८**